ऐन १६
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति :२०७७।३।२८

# बागमती नगरपालिकाको विनियोजन ऐन,२०७७

## बागमती नगरपालिका, सर्लाहीको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबांट स्वीकृत मितिः २०७७।३।२५

**प्रस्तावनाः** बागमती नगरपालिका, सर्लाहीको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम बागमती नगरपालिका, सर्लाहीको नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम " बागमती नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) " नगर प्रमुख " भन्नाले बागमती नगरपालिकाको नगरप्रमुख सम्भनु पर्दछ ।

(४) " नगर कार्यपालिका " भन्नाले बागमती नगरपालिकाको नगरकार्यपालिका सम्भनु पर्दछ ।

(५) " नगर सभा " भन्नाले बागमती नगरपालिकाको नगरसभा सम्भनु पर्दछ ।

२.**आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः** (१)आर्थिकवर्ष २०७७।०७८ को निमित्त नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.२,४०,५०,००,०००।०० (अक्षेरुपी दुई अर्व चालिस करोड पचास लाख मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त बागमती नगरपालिका, सर्लाहीको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरप्रमुखले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम



Scanned with CamScanner

सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्ने छ वा नगरसभाबाट अनुमोदन गराउने गरी कार्यपालिकाको निर्णय गरि रकम सार्न सकिने छ तर त्यस्तो कार्यपालिकाको निर्णय ६(छ) महिना भित्र नगरसभाबाट अनुमोदन गराउनु पर्ने छ ।

४. **खर्च ब्यहोर्ने स्रोत सम्बन्धमा :** यस कुनै आम्दानीको स्रोतबाट खर्च ब्यहोर्ने गरि अनुमान गरिएको मा सो स्रोतमा रकम अभाव भई अर्को कुनै श्रोतबाट खर्च ब्यहोर्नु परेमा अर्को आम्दानीको श्रोतबाट खर्च ब्यहोर्न कुनै बाधा पर्ने छैन् ।

५) **विविध शिर्षकमा विनियोजित बजेट सम्बन्धमा :** विविध शिर्षकमा विनियोजित बजेट आवश्यकता र औचित्यको आधारमा विभिन्न आयोजना वा कार्यक्रममा विभाजित गर्ने अधिकार प्रमुख प्रशांसकीय अधिकृतलाई रहने छ ।

६) **अनुदान, चन्दा वा पुरस्कार प्रदान गर्ने :** आवश्यकता र औचित्यको आधारमा सम्वन्धित बजेटको परिधि भित्र रही कुनै ब्यक्ति वा संस्थालाई अनुदान, चन्दा वा पुरस्कार प्रदान गर्ने अधिकार नगर प्रमुखमा रहने छ ।

७) **एकमुष्ट रकमको विभाजन गर्ने अधिकार :** चालु वा पुजिगतमा कुनै आयोजना वा कार्यक्रमको लागि एक मुष्ट रुपमा विनियोजित रकम सम्बन्धित कुनै विविध आयोजनाहरु वा विभिन्न कार्यक्रमहरुमा विभाजन गर्ने अधिकार चालु आयोजना वा कार्यक्रमको हकमा प्रमुख प्रशासकी अधिकृत र पुंजिगात आयोजना वा कार्यक्रमहरुको हकमा नगरप्रमुखमा रहने छ ।

८) **आयोजना वा कार्यक्रम संसोधन वा गाभ्ने अधिकार :** कुनै कार्यक्रमहरु वा आयोजनाहरु संसोधन गर्ने , एक भन्दा बढी आयोजनाहरु गाभ्ने लगाएत, नयां कार्यक्रम थपघट गर्ने अधिकार नगर प्रमुख वा नगरकार्यपालिकामा रहने छ ।

९) **खर्च गर्न बाधा नपर्ने :** नेपाल सरकार वा प्रदेश सर्कार वा अन्य स्थानीय तह वा जिल्ला समन्वय समिति वा कुनै ब्यक्ति वा कुनै संस्थाबाट शसर्त रुपमा प्राप्त रकम नगरसभाबाट पारित कार्यक्रम वा आयोजना भित्र नपरेता पनि सो रकम खर्च गर्न कुनै बाधा पर्ने छैन् ।

१०) **फ्रिज नहुने रकम सम्बन्धमा :** अन्तर सरकार वा अन्य कुनै निकायबाट प्राप्त फ्रिज नहुने रकम कुनै आयोजना वा कर्यक्रमको लागि सशर्त रुपमा प्राप्त भएमा सो आयोजना बहुवर्षेरुपमा सञ्चालन हुने भएमा सो आयोजना वा कार्यक्रमको नगरसभाबाट पारित अन्य आयोजना वा कार्यक्रममा खर्च गर्न सकिने छ । उल्लेखित आयोजना वा कार्यक्रमहरु आगामी आर्थिक वर्षको बजेटमा समावेश गरी कुनै पनि स्रोतबाट भुक्तानी गर्न बाधापर्ने छैन् ।

११) **संघिय खरिद कानून बमोजिम खरिद ब्यवस्थापन गर्न सकिने :** नगरपालिकाको सर्वजनिक खरिद नियमावली नबन्दा सम्म संघिय सार्वजनिक खरिद कानून बमोजिम सार्वजनिक खरिद ब्यवस्थापन गर्न सकिने छ ।

१२) **उपभोक्ता समितिबाट कार्य गराउन प्राथमिकता दिने :** नगरकार्यपालिकाको कार्यालयबाटबाट कुनै निर्माण कार्य गराउंदा उपभोक्ता समितिबाट कार्य गराउन पहिलो प्राथमिकता दिनु पर्ने छ । त्यसरी कार्य गराउंदा कुल लागतको कम्तीमा १०(दश) प्रतिशत जनसहभागिता गराउनु पर्ने छ । तर नगरकार्यपालिकाले निर्णय गरि त्यस्तो जनसहभागिताको अंश थपघट गर्न सक्ने छ ।

१३) **खर्च गर्ने थप अख्तियारी दिन सकिने :** नगरकार्यपालिकाले निर्णय गरि कुनै पनि समय आवश्यकताको आधारमा वडा कार्यालयहरु वा सम्वन्धित शाखालाई मालसामान, निर्माण कार्य , परामर्शसेवा तथा अन्य सेवा खरिद गर्न खर्च गर्ने थप अख्तियारी दिन सक्नेछ । त्यसरी प्राप्त अख्तियारी सम्बन्धित खरिद कानून बमोजिम खर्च गर्नु सम्वन्धित वडा कार्यालय वा सम्वन्धित शाखाको कर्तब्य हुने छ । त्यस्तो खर्चको भुक्तानी केन्द्र भने नगरकार्यपालिकाको कार्यालय नै हुने छ ।

१४) स्रोतान्तर गरी खर्च गर्न सक्ने : कुनै एक स्रोतबाट भुक्तानी हुने गरि विनियोजित आयोजना तथा कार्यक्रमको लागि सो स्रोतको निकासा नहुंदा सम्म अन्य स्रोतबाट भुक्तानी गर्न बाधा पर्ने छैन् । सम्बन्धित स्रोतको निकासा भए पछि खर्च भएको स्रोतसंग मिलान गर्न सकिने छ । शसर्त, विशेष तथा समपुरक स्रोत मार्फत खर्च गर्ने गरी नगरसभाबाट स्वीकृत भएको तर सो बमोजिम रकम निकासा प्राप्त नभएता पनि आन्तरिक आय, राजश्वबांड तथा समानिकरण अनुदानबाट त्यस्तो आयोजना वा कार्यक्रममा भुक्तानी गर्न बाधा पर्ने छैन् । आन्तरिक आय, राजश्व बांडफांड तथा समानिकरण अनुदानबाट भुक्तानी हुने गरी आयोजना वा कार्याक्रमहरु स्वीकृत भएता पनि याथार्थ बजेटको उपलब्धताको आधारमा उक्त स्रोतहरुमध्ये स्रोतान्तर गरि भुक्तानी गर्न सकिने छ ।

१५) सहलगानी सम्झौता गर्न सकिने : नगरप्रमुखले वा प्रमुख प्रशाकीय अधिकृतले प्रदेश वा संघीय सरकारको अर्थ मन्त्रालयमा सहलगानी सम्झौता प्रस्ताव पेश गरि अनुसुची २ मा उल्लेखित आयोजनाहरुको सहलगानी सम्झौता गर्न सक्नेछन् । लगानी वा आम्दानी हिस्सा वांडफांडको अनुपात सम्झौताको बखत आपसी समझदारीमा नै कायम हुने गरि नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले प्रस्तावमा उल्लेखित समान्य शिद्धान्तलाई आधार लिई सम्बन्धित अर्थ मन्त्रालयको प्रतिनिधिसंग सम्झौता गर्न सक्ने छन् । नगरपालिकाले ब्यहोर्नु पर्ने आफ्नो तर्फको लगानी संघीय र प्रदेश सरकारको समानीकरण, विशेष, समपुरक र शशर्त अनुदान, जनश्रमदान , अन्य संस्थागत अनुदान वा साझेदारी हिस्सा वा नगरपालिकाको आन्तरिक आम्दानीबाट ब्यहोर्न सकिने छ । नगरप्रमुखले आफैं वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रतिनिधि तोकी सम्झौता गर्न प्रस्ताव सहित पठाउन सक्ने छन् । सो हकमा समेत सम्झौता गर्दा यसै दफा बमोजिम सम्झौता भएको मानिने छ ।

१६) कार्यविधि , निर्देशिका, मापदण्ड वनाई खर्च गर्न सकिने : नगरसभाबाट विनियोजित बजेट कुनै कार्यक्रम वा आयोजनामा खर्च गर्न नगरकार्यपालिका वा नगरसभाले आवश्यक कार्यविधि वा निर्देशिका वा मापदण्ड पारित गर्न सक्नेछ ।

## अनुसुची १

आ.व.२०७७।७८

| शीर्षक | आ.व. २०७७/७८ को अनुमान रु.हजारमा |
|---|---:|
| व्यय | २४,०५,००० |
| चालु खर्च | ३,९२,००० |
| २११११ पारिश्रमिक कर्मचारी | ८५,५०० |
| २११२१ पोशाक | ४२० |
| २११३२ महंगी भत्ता | १,००० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ७०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३,४४० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ४,५०० |



Scanned with CamScanner

| | |
|---|---|
| २११४२ पदाधिकारीअन्य सुबिधा | १०,००० |
| २११४९ पदाधिकारी अन्य भत्ता | ५,००० |
| २१२१४ कर्मचारी कल्याण कोष | १०० |
| २२१११ पानी तथा बिजुली | १,००० |
| २२११२ संचार महसुल | १,०८७ |
| २२२११ इन्धन (पदाधिकारी) | १,००० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १,००० |
| २२२१३ सवारी साधन मर्मत खर्च | १,००० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १,००० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १,५४२ |
| २२२३१ निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | ७०० |
| २२२९१ अन्य सम्पतिहरूको संचालन तथा सम्भार खर्च | १०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २,३१४ |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | १,२७१ |
| २२३१४ इन्धन - अन्य प्रयोजन | २०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,७६६ |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ५०० |
| २२४११ सेवा र परामर्श खर्च | १,११८ |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ३०० |
| २२४१३ करार सेवा शुल्क | १५,९७८ |
| २२४१४ सरसफाईसेवा शुल्क | ५१० |
| २२४१९ अन्य सेवा शुल्क | ५०० |
| २२५११ कर्मचारी तालिम खर्च | २७० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ४,०८८ |
| २२५२२ कार्यक्रम खर्च | १,५२,७१५ |
| २२५२९ विविध कार्यक्रम खर्च | ९१५ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | २,०४६ |
| २२६१२ भ्रमण खर्च | १,३५० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | १०० |
| २२६१९ अन्य भ्रमण खर्च | ३०० |

| | |
|---|---|
| २२७११ विविध खर्च | ३,०६० |
| २२७२१ सभा सञ्चालन खर्च | १,२०० |
| २४२११ आन्तरिक ऋणको ब्याज | ३,००० |
| २५२२२ वितीय व्यवसायहरूलाई पूँजीगत सहायता | ७,७५३ |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | १,५२२ |
| २५३१५ अन्य सस्था सहायता | १,००० |
| २७१११ सामाजिक सुरक्षा | ९,७१५ |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ५५,००० |
| २७२१३ औषधीखरिद खर्च | १,४२० |
| २७२१९ अन्य सामाजिक सहायता | १,००० |
| २८१४२ घरभाडा | ५०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ५०० |
| २८९११ भैपरी आउने चालु खर्च | १,००० |
| पुँजीगत खर्च | २०,१३,००० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १,१२,४०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ७,००० |
| ३११२१ सवारी साधन | १,५०० |
| ३११२२ मेशिनरी तथा औजार | ११,७०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ३,०४० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | १०,००० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | २,००० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ४,००० |
| ३११५१ सडक तथा पूल निर्माण | ६,१६,००० |
| ३११५३ विद्युत संरचना निर्माण | २,५०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ६४,१०० |
| ३११५५ सिंचाई संरचना निर्माण | १,३०० |
| ३११५६ खानेपानी संरचना निर्माण | २०,००० |
| ३११५७ वन तथा वातावरण संरक्षण | ६८,१०० |
| ३११५८ सरसफाई संरचना निर्माण | २,००० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ९,९६,५२६ |
| ३१४११ जग्गाप्राप्ति खर्च | ९०,८३४ |

अनुसुची २

आ.व.२०७७।७८

आ.व. २०७७ /७८ मा प्रदेश सरकार अर्थ मन्त्रालय तर्फ सहलगानीका कार्यक्रमहरु

| सि.नं. | योजनाको नाम तथा ठेगाना | प्रदेश सरकारमा प्रस्तावित बजेट रु. |
|---|---|---|
| १ | बागमती माछापोखरी निर्माण तथा सौन्दरिकरण वडा न .४,१२ | २७००००००० |
| २ | बागमती माछातालमा ( चौतारो ) समिक्ष्यालय निर्माण वडा न. ४,१२ | ९०००००० |
| ३ | बागमती माछा तालमा रिफ्रेश सेन्टर निर्माण वडा न. ४,१२ | ९०००००० |
| ४ | नगर बगैचा निर्माण वडा न, ४, १२ | ९०००००० |
| ५ | बागमती माछा तालमा आउटलेट निर्माण वडा न. ४, १२ | ९०००००० |

Scanned with CamScanner CamScanner